# मध्येश तराईका जग्गा जमीनहरूको लगत सुरक्षित राख्ने नियमहरू, २०१९

नेपाल राजपत्रमा प्रकाशित मिति

२०१९।३।१८

मध्येश तराईका जग्गा जमीनहरूको किसिम, चौहद्दी, मालपोत (भूमि कर र मालपोतमा थप जग्गा कर समेत) को दर र ती जग्गा जमीनहरूको क्षेत्रफलसमेतको नेपाल सरकारको माल अड्डाहरूमा रहेको र ती माल अड्डाहरू अन्तर्गतका जिमिदार, पटवारीहरूसँग रहेको लगत (जम्माबन्दी अठसट्टा मोठ) र नेपाल सरकारको सर्भे विभागबाट खडा भएको लगत सङ्कलन गरी सुरक्षित राख्नु वाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यी नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "मध्येश तराईका जग्गा जमीनहरूको लगत सुरक्षित राख्ने नियमहरू, २०१९" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यी नियमहरूमा,-

(क) "लगत फाँट अड्डा" भन्नाले नेपालका जग्गा जमीनहरूको लगत (जम्मा बन्दी अठसट्टा मोठ स्रेस्ता) सङ्कलन गरी सुरक्षित राख्ने प्रयोजनको निमित्त नेपाल सरकारबाट खडा भएको अड्डा सम्झनुपर्छ ।

(ख) "माल अड्डा" भन्नाले माल अड्डाहरू र मेनेजरी र गुठी अड्डाहरूलाई समेत जनाउँछ ।

३. **तराई मध्येशका जग्गा जमीनहरूको लगत सङ्कलन गरी सुरक्षित राख्ने** : यी नियमहरू प्रारम्भ भएपछि मध्येश तराईका जग्गा जमीनहरूको किसिम, चौहद्दी, मालपोत (भूमि कर र मालपोतमा थप जग्गा कर समेत) को दर र ती जग्गा जमीनहरूको क्षेत्रफलसमेतको माल अड्डाहरूमा रहेको र ती माल अड्डाहरू अन्तर्गतका जिमिदार पटवारीहरूसँग रहेको लगत (जम्माबन्दी अठसट्टा मोठ स्रेस्ता) र नेपाल सरकारको सर्भे विभागबाट खडा भएको लगतसमेत सङ्कलन गरी सुरक्षित राख्ने कर्तव्य लगत फाँट अड्डाको हुनेछ ।

४. **<u>लगत दाखिल गर्ने कर्तव्य</u>** : (१) मध्येश तराईका प्रत्येक जिमिदार पटवारीले आफ्नो आफ्नो जिम्मा सबै जग्गा जमीनको किसिम, चौहद्दी मालपोत (भूमि कर र मालपोत थप जग्गा करसमेत) को दर र ती जग्गा जमीनहरूको क्षेत्रफलसमेतको नेपाल सरकारको मालपोत विभागले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएका मितिसम्मको सोही सूचनामा तोकिदिएका ढाँचाको लगत जम्माबन्दी अठसट्टा मोठ स्रेस्ता सोही सूचनामा तोकिदिएका म्यादभित्र र त्यसपछि पनि साल सालमा हाल आवादी नाउँसारी दाखिल खारेजको लगत सालतमाम भएका ३५ दिनभित्र आफ्नु आफ्नु इलाकाको माल अड्डामा पठाउनु पर्छ।

(२) मध्येश तराईको प्रत्येक माल अड्डाले उपनियम (१) बमोजिम दाखिल हुन आएको लगत जम्माबन्दी अठसट्टा मोठ स्रेस्तालाई आफ्नो स्रेस्तासँग भिडाई ठीक गरी ६ महिनाभित्र लगत फाँट अड्डामा पठाइसक्नुपर्छ र त्यसपछि साल सालमा हाल आवादी नाउँसारी दाखिल खारेजको उपनियम (१) बमोजिम दाखिल हुन आएका लगतलाई आफ्नो स्रेस्तासँग भिडाइ ठीक गरी साल तमाम भएका ३ महिनाभित्र लगत फाँट अड्डामा पठाईसक्नुपर्छ।

(३) नेपाल सरकारको सर्भे विभागबाट पनि मध्येश तराईका जग्गा जमीनहरूको लगत तयार गर्दा यथाशीघ्र त्यसको १ प्रतिलिपि लगत फाँट अड्डामा पठाउने गर्नुपर्छ।

(४) उपनियम (१) बमोजिम म्यादभित्र लगत नपठाउने जिमिदार पटवारीलाई इलाका माल अड्डाले र उप-नियम (२) बमोजिम म्यादभित्र लगत नपठाउने माल अड्डाका हाकिमलाई लगत फाँट अड्डाले लगत पठाउन समय समयमा तर ताकेता गरी त्यसरी म्यादभित्र लगत नपठाउनेको प्रतिवेदन नेपाल सरकारको मालपोत विभागमा पठाउनु पर्छ।

५. **<u>विभागीय कारवाई र सजाय</u>** : (१) नियम ४ को उपनियम (१) बमोजिम इलाका माल अड्डामा पठाउनुपर्ने लगत म्यादभित्र नपठाउने वा पठाउन हेलचक्रयाई गर्ने जिमिदार पटवारीलाई इलाका माल अड्डाको हाकिमले दुई सय रुपैयाँसम्म जरिवाना गर्न सक्छ र त्यति गर्दा पनि काम तामेल नगर्ने जिमिदार पटवारीलाई नेपाल सरकारले खोस्न सक्छ।

(२) नियम ४ को उपनियम (२) बमोजिम लगत फाँट अड्डामा पठाउनु पर्ने लगत म्यादभित्र नपठाउने वा पठाउन हेलचक्रचाई गर्ने माल अड्डाको हाकिमलाई निजामती सेवा नियमावली बमोजिम कारवाई र सजाय गर्न सकिनेछ।

नेपाल कानून आयोग

<u>द्रष्टव्य</u> : केही नेपाल कानून (संशोधन) ऐन, २०२४ द्वारा रूपान्तर भएका शब्दहरू :
“गजेट” र “रिपोर्ट” को सट्टा “राजपत्र” र “प्रतिवेदन”।